**आकाशवाणी खरसाङः प्रादेशिक समाचार– नेपाली**
**मितिः २६ मई २०२६**
समयः १८:५० – १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पीएम सूर्य घर' योजनाले महत्व पूर्ण उपलब्धी हासिल गरेको छ, यस अन्तर्गत 40 लाख घरहरुको छतमा सोलर पैनल लगाईको छ।

- गृहमन्त्री अमित शाहले कृत्रिम जनसांख्यिकीय परिवर्तन सम्बन्धी उच्चस्तरीय समितिले यस मुद्दालाई सम्बोधन गर्न कानूनको आवश्यकताको मूल्याङ्कन गर्ने बताउनु भएको छ।

- मुख्यमन्त्रि सुभेन्दु अधिकारीले भन्नु भएको छ दार्जिलिंग पहाडमा अमृत योजनामा भएको धाँधली अनि जीटीएमा भएको अनियमितताको जाँच राज्य सरकारले गर्नेछ।

- मुख्यमन्त्रि सुभेन्दु अधिकारीले पश्चिम बंगालमा आगामी एक अगस्त देखि जनगणनाको कार्य सुरु हुने घोषणा गर्नु भएको छ।

- आज विश्वकै सर्वोच्च शिखर सगरमाथामा पहिलो पटक मानव पाइला टेकिएको ऐतिहासिक दिन र सोही कीर्तिमान रच्ने पर्वतारोही तेन्जिङ नोर्गे शेर्पाको जयन्ती पनि हो।

**एमएनआरई-पीएम सूर्य घर**

भारतले स्वच्छ ऊर्जाको क्षेत्रमा एक ऐतिहासिक उपलब्धि हासिल गरेको छ। केन्द्रीय नवीन तथा नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद जोशीले सोशल मीडिया पोस्टमा पीएम सूर्य घर योजना अन्तर्गत हालसम्म 40 लाख घरहरुको छतमा सौर्य प्यानल जडान गरिएको बताउनुभएको छ ।उहाँले भन्नुभयो यो योजना केवल नवीकरणीय ऊर्जा पहल मात्र होइन, तर यसले नागरिकहरूलाई बिजुली उपभोक्ताबाट बिजुली उत्पादकमा रूपान्तरण गरिरहेको छ।यो योजनाले परिवारहरूलाई बिजुलीको खर्चमा कमी ल्याउन, सरकारी सब्सिडीको लाभ उठाउन र शून्य बिजुली बिल तर्फ अघि बढ्न मद्दत गरिरहेको छ।
गोरामुमो कालेबुङ ब्लक दुई कमिटी अन्तर्गत 39 नम्बर समष्टिमा सांङ्ठनिक सभा सम्पन्न भयो । यसको जानकारी कमिटी अध्यक्ष मणिकुमार खवासले दिनु भएको छ । सांङ्ठनिक सभामा गोरामुमोमा जोडिने नयाँ सदस्यहरु साथै अचल रहेर बसेका सदस्यहरुलाई प्रतिनिधिबर्ग द्वारा स्वागत गरियो । मणिकुमार खवासले सभालाई सम्बोधन गर्दै भन्नुभयो , केन्द्रीय गृहमन्त्री अमित शाहले गोर्खाहरुको निम्ति संवैधानिक प्रावधान अन्तर्गत गोर्खाहरुलाई न्याय दिने घोषणा गर्नुभएको छ भन्दै अब गोरामुमो अध्यक्ष मन घिसिङको हात बलियो बनाउनको निम्ति सबै अगि आउनु पर्छ भन्नुभयो।

**गृहमन्त्री अवैध घुसपैठ**

गृहमन्त्री अमित शाहले भन्नुभएको छ अवैध घुसपैठ र अन्य अस्वाभाविक कारणहरूले गर्दा हुने कृत्रिम जनसांख्यिकीय परिवर्तनहरूको जांचका लागि गठित उच्चस्तरीय समितिले यस मुद्दाको समाधान गर्न कानूनको आवश्यकताको मूल्याङ्कन गर्ने छ।गान्धीनगरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै श्री शाहले भन्नुभयो सर्वोच्च न्यायालयका सेवानिवृत्त न्यायाधीश प्रकाश प्रभाकर नावलेकरको अध्यक्षतामा रहेको समितिले एक वर्षमा आफ्नो रिपोर्ट

दिईनेछ। उहाँले भन्नुभयो केन्द्र सरकार प्रत्येक घुसपैठिको पहिचान गर्न र उनीहरुलाई देशबाट निकाल्न प्रतिबद्ध छगृहमन्त्रीले पश्चिम बंगालमा बंगलादेशी घुसपैठलाई लिएर तृणमूल कांग्रेस सरकारको आलोचना गर्दै भन्नुभयो विधानसभा चुनाव पछि स्थिति परिवर्तन भएको छ।उहाँले मुख्यमन्त्री शुभेन्दु अधिकारीको सराहना गर्दै सीमामा बार लगाउनका लागि सात दिनमा 600 हेक्टेयर जमिन बीएसएफलाई हस्तान्तरण गरिएको बताउनुभयो।

बाइट- अमित शाह बांग्लादेशी –

## मुख्यमंत्री जीटीए

दार्जिलिंग पहाडमा अमृत योजनामा भएको धाँधली अनि जीटीएमा भएको अनियमितताको जाँच राज्य सरकारले गराउने छ। मुख्यमंत्री सुभेन्दु अधिकारीले आज नवान्नमा दार्जिलिंगका सांसद राजू विष्ट तथा गोरखा जनमूक्ति मोर्चा अध्यक्ष बिमल गुरूंग र महासचिव रोशन गिरी सितको बैठक पछि पत्रकारहरूलाई सम्बोधित गर्दै सो कुराहरू भन्नु भयो।

**उहाँले मिरिक, खर्साङ्ग र कालेबुंग नगरपालिकामा भएका अनियमितताको पनि जाँच गरिने बताउनु भयो। यहका लागि  राज्यका संबंधित नगरपालिका सचिव र गृह सचिवले चाँडै दार्जिलिंगको भ्रमण गर्ने पनि बताउनु भयो। उहाँले संबंधित एसडीओहरूले चुनाव नभइन्जेल यी नगरपालिकाहरूको प्रशासकको रूपमा काम थालेको बताउनु भयो। उहाँले दार्जिलिंग पहाडका बन्द 10 चीया बगानहरूलाई खोलाउने तथा त्यहाँका श्रमिकहरूको हित रक्षा गरिने पनि बताउनु भयो। उहाँले तराई डुवर्स र दार्जिलिंग पहाडका चीय श्रमिकहरूले न्याय पाउने पनि बताउनु भयो उहाँले कालेबुंगमा एउटा मेडिकल कलेज खोलिने र यसका लागि कालेबुंग जिल्ला शासकलाई स्थानीय बिधायक र सांसद सित परामर्श गरि जगा चिन्हित गर्ने निर्देश दिइएको समेत बताउनु भयो**

## जनगणना

पश्चिम बंगालमा आगामी एक अगस्त देखि जनगणनाको कार्य सुरु हुनेछ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज राज्य सचिवालय, नवान्नमा आयोजित पत्रकार सम्मेलनमा यसको घोषणा गर्नुभयो।उहाँले जनगणनाको प्रक्रिया अगस्त 2026 बाट सुरु भएर फरवरी 2027 सम्म जारी रहने बताउनुभयो।मुख्यमन्त्रीले जनगणना कार्यमा सक्रिय रूपमा सहयोग गर्न राज्यका सबै नागरिकहरूलाई अपील गर्दै यो प्रक्रिया देश र राज्य दुवैको लागि धेरै महत्त्वपूर्ण रहेको बताउनुभयो।

उहाँले भन्नुभयो पश्चिम बंगालको जनसांख्यिकीय स्थितिले विशेष महत्व राख्दछ, किनभने राज्यले लगभग 600 किलोमिटर लामो सीमा बंगलादेशसित साझा गर्दछ।
मुख्यमन्त्रीले पहिलो पटक डिजिटल माध्यमबाट जनगणना गरिने जानकारी दिनुभयो।उहाँले भन्नुभयो  राज्य सरकार तोकिएको समय सीमा भित्र जनगणना सम्पन्न गर्न प्रतिबद्ध छ।

उहाँले राज्यवासीलाई सबै नागरिकले जनगणना प्रक्रिया सफलतापूर्वक सम्पन्न गर्न सही र सटीक जानकारी दिएर प्रशासनलाई सहयोग गर्न अपील गर्नुभएको छ।

## पश्चिम बंगाल घुसपैठ

पश्चिम बंगालमा, मुख्यमन्त्री शुभेन्दु अधिकारीले राज्यमा घुसपैठ र यसको परिणामस्वरूप हुने जनसांख्यिकीय परिवर्तन प्रति चिन्ता व्यक्त गर्नुभयो।राज्य सचिवालय 'नवन्ना' मा प्रमुख जनगणना अधिकारीहरूको सम्मेलनको उद्घाटन गर्दै उहाँले  भन्नुभयो विगतको सरकारले घुसपैठको मुद्दामा कारबाही गर्न विफल भएको छ।उहाँले केन्द्रबाट समयमै पत्र प्राप्त गरे पनि विगतको तृणमूल कांग्रेस सरकारले जनगणनाको काम सुरु नगरेको बताउनुभयो।

मुख्यमन्त्रीले यो जनसांख्यिकीय परिवर्तनलाई सीमामा अपर्याप्त बार लगाउनुको कारण  हो भन्नुभयो,र यसले गर्दा सीमावर्ती जिल्लाहरू सबैभन्दा बढी प्रभावित भएका छन्।

उहाँले यो पनि जानकारी दिनुभयो कि वर्तमान राज्य सरकारले भारत-बंगलादेश सीमामा बार लगाउन सीमा सुरक्षा बल (BSF) लाई ज़मीन हस्तान्तरण गर्ने प्रक्रिया पहिले नै सुरु गरिसकेको छ।

***पश्चिम बंगालमा जनगणना सञ्चालन निदेशक डा. रोशनी कमलले मिडियालाई बताउनुभयो यो पहिलो पटक जनगणना डिजिटल रूपमा सञ्चालन हुनेछ, जसले नागरिकहरूलाई 'सेल्फ-एन्यूमरेशन' अर्थात 'स्व-गणना' प्रक्रिया मार्फत भाग लिन सक्नेछन।पश्चिम बंगालमा, स्व-गणना 1 अगस्त देखि 15 अगस्त, 2026 सम्म चल्नेछ। यसपछि, घरहरुको-सूची बनाउने काम पूर्ण राज्यमा 16 अगस्त, 2026 देखि 14 सितंबर, 2026 सम्म गरिनेछयस चरणमा, जनगणना कर्मचारीहरूले एक तय प्रश्नावलीको प्रयोग गरेर जानकारी सङ्कलन गर्नेछन्।जसमा 33 निर्धारित प्रश्नहरू हुनेछन्। जनगणना सञ्चालनका लागि, सातै दिन 24 घण्टा राष्ट्रिय हेल्पलाइन नम्बर 1855 सुरु गरिएको छ।***

***पश्चिम बंगालसित सम्बन्धित प्रश्नहरूको लागि, मानिसहरूले जनगणना कार्य निदेशालयसित 033-2335-9503 मा सम्पर्क गर्न सक्छन्।जनगणना सम्बन्धी जानकारी प्रदान गर्न राज्यको लागि एक समर्पित वेबसाइट पनि सुरु गरिएको छ।***

**मदरसा**

पश्चिम बंगालमा असम मोडेलको आधारमा शिक्षा व्यवस्थामा सुधार, अवैध मदरसाहरूको जाँच र अवैध रूपमा कब्जा गरिएको भूमिमा बनेका मदरसाहरू विरुद्ध कडा प्रशासनिक कारबाहीको माग गर्दै बंगीय हिंदू महामंच (उत्तर बंगाल शाखा)ले आवाज उठाएको छ।आज, संगठनका प्रतिनिधिहरूले मुख्यमन्त्रीको नाममा सिलगढीका उप-विभागीय अधिकारी (SDO) लाई एक ज्ञापन सुम्पीएका छन्।ज्ञापनपत्रमा राज्यको शिक्षा व्यवस्थामा पारदर्शिता ल्याउन, सबै शैक्षिक संस्थाहरूको वैधताको जाँच गर्ने र नियम उल्लङ्घन गर्नेहरू माथि कडा कारबाहीको माग गरिएको छ।

**होल्डिंग सेंटर**

पश्चिम बंगाल सरकारले बांग्लादेशी घुसपैठी  वा रोहिंग्या रहेको संदेहमा पक्रा परेकाहरुलाई राख्नराज्यका विभिन्न स्थानहरुमा होल्डिंग सेंटर स्थापना गरेको छ ।

***राज्य प्रशासनले यी सेंटरहरुको संख्या अनि त्यहाँ राखिएका व्यक्तिहरुको विस्तृत जानकारी सार्वजनीक गरेको छ । हाल सम्म राज्यमा कुल 11 स्थानमा होल्डिंग सेंटर बनाइएको छ । यस मध्ये केहि शिविर पुलिस जिल्ला स्तरमा अनि केहि प्रशासनिक जिल्ला स्तरमा संचालन भइरहेको छ । बर्तमानमा बारुईपुर, सुंदरबन, बसिरहाट, बनगांव, बारासात,मुर्शिदाबाद, जंगीपुर अनि कृष्णनगर जिल्लामा होल्डिंग बनाईएको छ । यसका साथैमालदा, कूचबिहार अनि दक्षिण दिनाजपुर जिल्लामा पनि होल्डिंग सेंटरहरु बनाइएका छन् । सबै भन्दा बढी होल्डिङ सेन्टरहरू बशीरहाट पुलिस जिल्लामा स्थापना गरिएको छ, जहाँ कुल तीन शिविरहरू सञ्चालन भइरहेका छन्। बंगलादेशी वा रोहिंग्या भएको आशंकामा पक्राउ परेकाहरुको संख्या पनि यस क्षेत्रमा सबैभन्दा अधिक रहेको अधिकारीहरुले बताएका छन् । बाँकी सबै जिल्लामा एक–एक सेन्टर स्थापना गरिएको छ ।***

**राजु बिष्ट-समिक भट्टाचार्य**

दार्जिलिङका सांसद राजु बिष्टले आज भारतीय जनता पार्टीका पश्चिम बंगाल राज्य अध्यक्ष समिक भट्टाचार्यसँग भेटवार्ता गर्नु भएको छ। भेटको क्रममा उहाँले उत्तर बंगालका विभिन्न क्षेत्रको वर्तमान अवस्थाबारे जानकारी गराउँदै संगठनसँग सम्बन्धित विषयमा विस्तृत छलफल भएको बताउनु भएको छ।सांसद बिष्टले समिक भट्टाचार्यको नेतृत्वमा पार्टीले २०२६ को पश्चिम बंगाल विधानसभा निर्वाचनमा ऐतिहासिक विजय प्राप्त गरेको बताउनु भयो। उहाँले श्री भट्टाचार्यको कुशल संगठनात्मक क्षमता, जनस्तरसम्मको पहुँच तथा जिल्ला र बुथ तहसम्मको प्रभावकारी समन्वयले राज्यभरि पार्टीको आधार बलियो बनाउन महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नु भयो।

**तेन्जिङ नोर्गे शेर्पा-जन्म जयन्ती**

आज विश्वकै सर्वोच्च शिखर सगरमाथामा पहिलो पटक मानव पाइला टेकिएको ऐतिहासिक दिन र सोही कीर्तिमान रच्ने भारतका गौरव, प्रसिद्ध पर्वतारोही तेन्जिङ नोर्गे शेर्पाको जयन्ती पनि हो l 29 मई ,सन 1914 मा जन्मनुभएका र आफ्नो जीवनको लामो समय दार्जिलिङमा बिताउनु भएका तेन्जिङ नोर्गेले सन् 1953 मा आजकै दिन सर एडमण्ड हिलेरीका साथ सगरमाथाको सफल आरोहण गरी विश्वभरि भारतको नाम उच्च राख्नुभएको थियो। उहाँको यो कीर्तिमानले भारतीय पर्वतारोहणको इतिहासलाई सदाका लागि बदलिदियो।स्मरण गराइन्छ,दार्जीलिङको 'हिमालयन माउन्टेनियरि इन्स्टिच्युट' (HMI) मार्फत उहाँले भारतमा पर्वतारोहणको जग बसाल्नुभएको थियो।

**राजु बिष्ट- तेन्जिङ नोर्गे**

दार्जिलिङका सांसद राजु बिष्टले पद्म विभूषण तेन्जिङ नोर्गे शेर्पाको जन्मजयन्तीको अवसरमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। सांसद बिष्टले सामाजिक संजाल मार्फत जारी गर्नु भएको सन्देशमा तेन्जिङ नोर्गेलाई साहस, दृढ संकल्प र अदम्य इच्छाशक्तिको प्रतीकका रूपमा उल्लेख गर्नु भएको छ| श्री बिष्ट तेन्जिङ नोर्गेले विश्वकै सर्वोच्च शिखर सगरमाथाको सफल आरोहणमार्फत हिमाली क्षेत्रलाई अन्तर्राष्ट्रिय पहिचान दिलाएको बताउनु भएको छ। उहाँले तेन्जिङ नोर्गेको जीवन संघर्ष, समर्पण र उपलब्धिले आज पनि लाखौं युवालाई प्रेरणा प्रदान गरिरहेको उल्लेख गर्नु भयो।

अनित थापा-तेन्जिङ्ग नोर्गे

गोर्खाल्याण्ड क्षेत्रीय प्रशाशनका प्रमुख अनित थापाले आज तेन्जिङ्ग नोर्गे शेर्पा को ११२ औँ जन्मजयन्तीमा उहाँलाई श्रद्धाञ्जली अर्पण गर्नु भएको छ| यसको साथै, श्री थापाले तेन्जिङ्ग नोर्गे तथा एडमन्ड हिलारीले आज सगरमाथा आरोहण गरेको ७३ औँ वार्षिकोत्सवको पनि उल्लेख गर्नु भएको छ| सामाजिक संजालमा पोस्ट गर्नु हुँदै श्री थापाले तेन्जिङ्ग नोर्गेलाई दार्जीलिङ्ग पहाडको भूमिपुत्र तथा वैश्विक लेजेण्ड भनेर वर्णन गर्नु भएको छ|

अनित थापा-तेन्जिङ्ग नोर्गे

गोर्खाल्याण्ड क्षेत्रीय प्रशाशनका प्रमुख अनित थापाले आज तेन्जिङ्ग नोर्गे शेर्पा को ११२ औँ जन्मजयन्तीमा उहाँलाई श्रद्धाञ्जली अर्पण गर्नु भएको छ| यसको साथै, श्री थापाले तेन्जिङ्ग नोर्गे तथा एडमन्ड हिलारीले आज सगरमाथा आरोहण गरेको ७३ औँ वार्षिकोत्सवको पनि उल्लेख गर्नु भएको छ| सामाजिक संजालमा पोस्ट गर्नु हुँदै श्री थापाले तेन्जिङ्ग नोर्गेलाई दार्जीलिङ्ग पहाडको भूमिपुत्र तथा वैश्विक लेजेण्ड भनेर वर्णन गर्नु भएको छ|

**गोरामुमो कालेबुङ ३९ नम्बर समष्टिमा सांङ्ठनिक सभा सम्पन्न , गोरामुमोमा जोडिने क्रम जारी।**

गोरामुमो कालेबुङ ब्लक २ कमिटी अन्तर्गत ३९ नम्बर समष्टिमा सांङ्ठनिक सभा सम्पन्न भएको ब्लक २ कमिटी अध्यक्ष मणिकुमार खवासले जानकारी दिएका छन्। काश्यम सिन्कोना ग्राम पञ्चायत अनि साङसेर ग्राम पञ्चायत शाखामा गोरामुमोको सांङ्ठनिक सभा सम्पन्न भएका छन्। गोरामुमोको लक्ष्य भनेकोनै गोर्खा जातिलाई न्याय दिलाउनु हो। आज सम्म केवल गोरामुमोले मात्र गोर्खा जातिको हितको निम्ति कार्य गरिरहेका छन्। यो सबैलाई थाहा भएको विषय हो जब सम्म हामी लक्ष्यमा पुग्दैनौ तब सम्म गोरामुमोले विश्राम गर्ने छैन। तपाईंहरु गोरामुमोमा जोडिनु भएको छ अब हामी मिलेर लक्ष्य प्राप्तिको निम्ति अगि बढ्नु पर्छ भनी मणिकुमार खवासले आफ्नो सम्बोधन गर्दै भने , भारतको केन्द्रीय गृहमन्त्री अमित शाहले गोर्खाहरुको निम्ति संवैधानिक प्रावधान अन्तर्गत गोर्खाहरुलाई न्याय दिने घोषणा गरिसकेको छ। यसैकारण अब गोरामुमो अध्यक्ष मन घिसिङको हात बलियो बनाउनको निम्ति सबै अगि आउनु पर्छ।

**********